नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या : ०७३/७४

च.नं. २४

मिति :- २०७३/०४/०९

विषय :- परीक्षासँग सम्वन्धित निर्देशिका कार्यान्वयन सम्वन्धमा ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालय,
५ वटै ।

प्रस्तुत विषयमा श्री शिक्षा मन्त्रालय, माध्यमिक शिक्षा शाखाको च.नं. ७२० मिति २०७३/०३/२७ गतेको पत्रानुसार कक्षा १० को एस एल सी परीक्षा, कक्षा ११ र १२ को परीक्षा र सोसँग सम्वन्धित परीक्षार्थीहरुलाई जिल्ला तहमा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्नका लागि शिक्षा मन्त्रालयको मिति २०७३/०३/२६ को निर्णय (मा.मन्त्रीस्तर) अनुसार अन्य कुराका अतिरिक्त देहायका बिषय समेटी निर्देशिका जारी गर्ने निर्णय भएकाले आवश्यक समन्वय गरी कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७३/४/५

कृष्ण प्रसाद काप्री
नियन्त्रक

**तपसिल :**

(अ) जिल्ला परीक्षा समन्वय समितिको गठन :

कक्षा १० को SLC परीक्षा र कक्षा ११ र १२ को परीक्षा र सोसँग सम्वन्धित परीक्षाहरुलाई जिल्ला तहमा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा देहायका सदस्यहरु रहेको जिल्ला परीक्षा समन्वय समिति गठन गर्ने :

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | स्थानीय विकास अधिकारी | सदस्य |
| (ग) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| (घ) | प्रमुख, जिल्लास्थित नेपाली सेना | सदस्य |
| (ङ) | प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल | सदस्य |
| (च) | प्रमुख, जिल्लास्थित राष्ट्रिय अनुसन्धान बिभाग | सदस्य |
| (छ) | जिल्ला शिक्षा अधिकारी | सदस्य-सचिव |

(आ) जिल्ला परीक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार :

(क) परीक्षा केन्द्र निर्धारण गर्ने ।

(ख) केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारी नियुक्ति गर्ने /गराउने ।

(ग) आ-आफ्नो जिल्लाभित्र मर्यादित र निष्पक्ष ढंगले परीक्षा सञ्चालन गर्ने /गराउने ।

(घ) परीक्षा केन्द्रको नियमित निरीक्षण, अनुगमनको व्यवस्था गर्ने /गराउने ।

(ङ) प्रत्येक परीक्षा केन्द्रको प्रश्नपत्र नजिकको सुरक्षा निकायमा राख्न लगाउने, प्रश्नपत्रको सुरक्षा व्यवस्था मिलाउने, परीक्षा तालिका अनुसारको दिनमा मात्र अनिवार्य रुजु गरेर सो दिनको प्रश्नपत्र परीक्षा केन्द्रमा उपलब्ध गराउने र परीक्षा केन्द्रमा केन्द्राध्यक्षले सुरक्षाकर्मी सहित तीन जनाको रोहवरमा मात्र प्रश्नपत्रको प्याकेट खोल्ने व्यवस्था मिलाउने ।

(च) शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा वोर्ड, परीक्षा नियन्त्रण कार्यालयहरुले दिएको निर्देशन बमोजिमको कार्य गर्ने/गराउने ।

(छ) प्रत्येक परीक्षा सम्पन्न भए पश्चात परीक्षा सम्वन्धी भए गरेका काम कारवाही समेटी सुझाव सहितको प्रतिवेदन परीक्षा नियन्त्रण कार्यालय मार्फत राष्ट्रिय परीक्षा वोर्ड समक्ष पेश गर्ने ।